नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं फागुन १७ गते, २०७१ साल (अतिरिक्ताङ्क ३२क

भाग ५

निर्वाचन आयोगको

सूचना १

सम्वत् २०७१ चैत्र २८ गते शनिवारका दिन बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा हुने संविधानसभा सदस्य उपनिर्वाचन, २०७१ का लागि संविधानसभा सदस्य निर्वाचन ऐन, २०७० को दफा १० को उपदफा (१) र निर्वाचन आयोग ऐन, २०६३ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगको मिति २०७१।११।१७ को निर्णयानुसार मिति २०७१।११।२७ देखि लागू हुने गरी बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ को मुख्य निर्वाचन अधिकृतमा सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीलाई नियुक्त गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सम्वत् २०७१ साल चैत्र २८ गते बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा हुने संविधानसभा सदस्यको उपनिर्वाचनका सन्दर्भमा सोही ऐनको दफा २१ बमोजिम सजाय हुने कसूरको सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्न सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मधुप्रसाद रेग्मी
सचिव

मुद्रण विभाग, सिंहदरबार

1181

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।